त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

मिति :- २०८१/०९/१४

विषयः बैठकको निर्णय सार्वजनिक गरिएको ।

यस गाउँपालिकाको कार्यपालिकाको मिति २०८१ पौष ११ गतेको आठौं बैठकका महत्वपूर्ण निर्णयहरुको संक्षिप्त व्यहोरा सरोकारवालाहरुको जानकारीको लागि तपसिल अनुसार सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | • चालु आर्थिक वर्षको लागि स्वीकृत भएका योजना तथा कार्यक्रमहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने, वडा नं. १, २ र ७ मा वडा कार्यालयमै पुगेर योजना सम्झौता गर्ने र वडा नं. ४ र ७ मा प्राविधिक खटाउने । | |
| २ | • जन जागृति मा.वि. जुगारमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गर्ने, खेल ३ दिनमा सम्पन्न गर्ने, अर्को वर्षको लागि प्रतियोगिता आयोजना गर्न अनुरोध गर्ने । | |
| ३ | • गाउँपालिकाका सबै माध्यमिक र आधारभूत विद्यालयमा सिसि क्यामरा र ई हाजिर मेसिन जडान गरी अनुगमनलाई प्रभावकारी बनाउने । | |
| ४ | • विगतमा भएको विद्यालय समायोजन बापतको रकम उपलब्ध गराउनको लागि विकल्पहरुको खोजी गर्न कविराज बुढाको संयोजकत्वमा समिति गठन गर्ने । | |
| ५ | • १ नं. वडा समितिबाट शीर्षक संशोधन तथा रकमान्तरको लागि सिफारिस गरिएका योजना तथा कार्यक्रमहरुलाई गाउँसभाको हिउँदे अधिवेशनबाट अनुमोदन हुनेगरी कार्यान्वयन गर्ने । | |
| ६ | • जुगार तिला सडकको लाभडाँडा धारखोला खण्ड कालोपत्रेको जिम्मा पाएको निर्माण व्यवसायीले काम अलपत्र छोडेकोले निजलाई कारबाहीको प्रक्रिया अगाडि बढाउने । | |
| ७ | • वडा नं. ७ निवासी शेर बहादुर कामीको घर जलेर नष्ट भएकोले निजलाई विपद् व्यवस्थापन शीर्षकबाट जस्तापाता उपलब्ध गराउने । | |
| ८ | • चालु आर्थिक वर्षको गाउँपालिकाको हिउँदे अधिवेशन मिति २०८१/०९/२८ मा आह्वान गर्ने । | |
| ९ | • वडा नं. ३ र ४ मा सञ्चालित चुनढुंगा खानीहरुलाई जनताहरुसँग गरेको सम्झौता कार्यान्वयन नगरेको भनी प्राप्त निवेदन लगायतको बारे अर्को बैठकमा छलफल गर्ने । | |

(कविराज बुढा)

प्रवक्ता